मत्स्यनारायणका विद्यार्थीलाई सिकाई क्रियाकलाप: 'बजार अनुगमन' । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-१७ ● २०८० कार्तिक २० गते सोमबार, ● 06 Nov., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# सिमसार क्षेत्र उच्च जोखिममा

## थाहामा ९३, इन्द्रसरोवरमा १२० सिमसार क्षेत्र

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका क्षेत्रमा ९३ सिमसार क्षेत्र रहेको अध्ययनले देखाएको छ । डिभिजन वन कार्यालय राप्ती मनहरी अन्तर्गत पर्ने थाहासहित अरू सात पालिका क्षेत्रमा ९ सय ६६ वटा सिमसार स्थल रहेका छन् । यि सिमसार क्षेत्रको कुल क्षेत्रफल ४२४२.७९ हेक्टर क्षेत्रफल रहेको अनुमान गरिएको छ । डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरले कार्य क्षेत्रभित्रका सात वटा पालिकामा रहेका सिमसार क्षेत्रको पहिचान, अभिलेखीकरण, प्राथमिकीकरण, संरक्षण तथा व्यवस्थापनका बारेमा अध्ययन गरी तयार गरेको प्रतिवेदनमा करिब दुई तिहाइ सिमसार समुद्री सतहबाट ७ सय ३७ मिटरको उचाइभन्दा तलको भूभागमा रहेको उल्लेख छ ।

अध्ययनमा संलग्न डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरका वन अधिकृत विशाल भट्टराईका अनुसार अध्ययनको क्रममा ९९ वटा सिमसार स्थलको स्थलगत भ्रमण गरी विस्तृत अध्ययन गरिएको थियो । उनका अनुसार सात वटा पालिकामा सिमसारको अवस्था अध्ययन गरिएकोमा राप्ती डिभिजनको कार्य क्षेत्रमा सबैभन्दा बढी सिमसारस्थल कैलाश सबडिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र रहेको पाइएको छ । सबैभन्दा थोरै सिमसार चित्लाङ सबडिभिजनमा पाइएको थियो । यस्तै पालिकामा सबैभन्दा बढी कैलाश गाउँपालिकामा २ सय २७ वटा सिमसार स्थल र सबैभन्दा कम मनहरी गाउँपालिकामा ८३ वटा सिमसार स्थल रहेको अनुमान गरिएको छ । यसै गरी भीमफेदी गाउँपालिकामा १४४ वटा, हेटौँडा उपमहानगरपालिकामा १४९ वटा, इन्द्रसरोवर गाउँपालिकामा १२० वटा, राक्सिराङ गाउँपालिकामा १५० वटा र थाहा नगरपालिकामा ९३ सिमसार रहेको प्रतिवेदनमा उल्लेख छ । सिमसार स्थलहरूमध्ये करिब दुई प्रतिशत ताल वा पोखरी, १३ प्रतिशत नदी वा खोला र ८५ प्रतिशत धापजन्य रहेको अनुमान गरिएको छ । त्यसमध्ये ११ प्रतिशत निजी स्वामित्व र ८९ प्रतिशत सरकारी स्वामित्वका जग्गामा रहेको छ ।

वन अधिकृत भट्टराईले ती सिमसार स्थलहरूले विभिन्न प्रजातिका वनस्पति र वन्यजन्तुलाई आश्रय दिएको र स्थानीय समुदायको जीविकोपार्जनमा टेवा दिएको पाइएको बताए । उनका अनुसार अधिकांश सिमसार स्थलको उपयोगिता वा स्वरूप परिवर्तन भएको, धाप वा दलदलयुक्त सिमसार स्थल प्रायः सुकेको, लोप भएको वा अतिक्रमित भएको पाइएको छ । विस्तृत अध्ययन गरिएको ९९ वटा सिमसारमध्ये करिब ३९ प्रतिशत उच्च जोखिममा र हेको छ । उनले भने, "संरक्षणका लागि जोखिममा परेका सिमसारलाई पहिलो प्राथमिकता दिनुपर्ने देखियो ।" सिमसारको प्रभावकारी संरक्षण र व्यवस्थापनका लागि संरक्षण र पुनर्स्थापना, मिचाहा प्रजाति नियन्त्रण, कानुन कार्यान्वयन, दिगो उपयोग, विस्तृत सर्वेक्षण र समुदायमा आधारित सिमसार व्यवस्थापनको कार्य सँगसँगै लैजानुपर्ने देखिएको छ । राप्ती डिभिजन वनको कार्य क्षेत्रभित्रको ९६६ वटा सिमसार स्थलहरूमध्ये पोखरी वा ताल २० वटा, नदी खोला क्षेत्र ११५ र ८३१ वटा रहेका छन् ।

वन अधिकृत भट्टराईले राप्ती डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा क्षेत्रफलको हिसाबले सबैभन्दा बढी सिमसार स्थल राक्सिराङ गाउँपालिकामा ८५१.६६ हेक्टर रहेको बताए । सबैभन्दा कम मनहरी गाउँपालिकामा २५८.९५ हेक्टर सिमसार स्थल रहेको अनुमान छ । हेटौँडा उपमहानगर र इन्द्रसरोवर गाउँपालिकामा मात्र ताल रहेको छ तर नदी वा खोला र धापजन्य सिमसार स्थलहरू सबै स्थानीय तहमा रहेको छ । नदी वा खोलाजन्य सिमसार स्थलहरूमा इन्द्रसरोवर गाउँपालिकामा सबैभन्दा बढी ३४२.९६ हेक्टर र धापजन्य सिमसारमा सबैभन्दा बढी ७ सय ७३.८३ हेक्टर राक्सिराङ गाउँपालिकामा रहेको अध्ययनबाट देखिएको छ ।

मकवानपुरमा रहेका सिमसार क्षेत्रहरू उच्च जोखिममा रहेको अध्ययनले देखाएको छ । २०७२ को भूकम्प, अतिक्रमण, जलवायु परिवर्तनलगायतका कारण सिमसार क्षेत्रहरू जोखिममा पर्दै गएको डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरले जनाएको छरू। जिल्लाको उत्तरी पश्चिमी क्षेत्रका सिमसार क्षेत्रहरूको पहिचान र अध्ययन गर्ने क्रममा सो तथ्य खुलेको हो ।

# विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले २५ लाख बक्यौता उठायो



◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरणले ६० दिन भन्दा बढीको वक्यौता महशुल नतिर्ने उपभोक्ताहरूको लाईन काट्न अभियान संचालन गरेपछि पालुङ वितरण केन्द्रले वक्यौता नतिर्ने १ सय ५० उपभोक्ताहरूको लाईन काटी २५ लाख वक्यौता महशुल उठाएको छ । विद्युत उपभोक्ताबाट असुल उपर गर्नुपर्ने विद्युत महसुल बक्यौता २ करोड नाघेपछि पछि पालुङ वितरण केन्द्रले लाइन काट्ने अभियान शुरू गरेको हो ।

विद्युत महसुल समयमा भुक्तान नगर्ने उपभोक्ताको विद्युत महसुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताको विद्युत लाइन काट्न सकिने प्रावधान रहे अनुसार पटक पटक सार्वजानिक सूचना मार्फत जानकारी गराउँदा पनि अटेर गरि महशुल नबुझाउने ग्राहकको लाईन काट्न शुरू गरिएको पालुङ वितरण केन्द्रका प्रमुख माधव न्यौपानेले बताए ।

केन्द्रले अभियान अन्तर्गत वक्यौता नतिर्ने ५ वटा क्रसर तथा बालुवा उद्योग सहित १३ वटा औधोगिक १८ वटा व्यावसायिक ४ वटा सरकारी कार्यालय सहित अन्य ग्राहस्थ उपभोक्ताहरूको लाईन काटिसकिएको र अभियान अन्तर्गत पहिलो चरणमा ६० दिन नाघेका मध्ये १० हजार भन्दा बढी विद्युत महशुल वक्यौता हुने ग्राहकहरूको लाईन काटिएको र हाल ३ हजार भन्दा बढीहुने उपभोक्ताहरूको लाईन काट्ने अभियान चलिरहेको र निरन्तर संचालन गरि बाँकी वक्यौता रहेका सबै ग्राहकको लाईन काटि बक्यौता अशुल गर्ने पनि प्रमुख न्यौपानेले बताए ।

१५ हजार ग्राहक रहेको पालुङ वितरण केन्द्रमा २ करोड वक्यौता पुगे पछि महशुल नतिर्ने ग्राहकको लाईन काट्न शुरू गरिएको र लाईन काट्न शुरू गरेपछि काटिएका मध्ये १ सय ५० भन्दा बढी ग्राहकले महशुल बुझाउँदा २५ लाख बक्यौता विद्युत महशुल उठाएको पालुङ वितरण केन्द्रका लेखा प्रमुख सुमन शिवाकोटीले बताए । पालुङ वितरण केन्द्रलाई हाल अस्तित्वमा नरहेको नेपाल रोप-वेले रू ७९ लाख बुझाउन बाँकी हुँदा उक्त रकम कालो सुचीमा छ । उक्त रकम असुलीका लागि विभागिय प्रयास शुरू गरेको पनि पालुङ प्राधिकरणले जनाएको छ ।

# राक्सिराङमा 'एक विद्यालय, एक ल्यापटप'

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले एक विद्यालयमा एक ल्यापटप कार्यक्रम कार्यान्वयन गर्दैछ । गाउँपालिकाको वार्षिक योजना अनुरूप ३ वर्षदेखि विद्यालयलाई ल्यापटप वितरण गर्दै आएको छ ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख पासाङ तामाङका अनुसार पालिकाले आर्थिक वर्ष २०७७/०७८ मा ७ वटा विद्यालयलाई ल्यापटप वितरण गरेको थियो । आर्थिक वर्ष २०७८/०७९ मा ५ वटा विद्यालयलाई ल्यापटप वितरण गरेको राक्सिराङ गाउँपालिकाले चालु आर्थिक वर्षमा ७ वटा विद्यालयलाई ल्यापटप वितरण गर्ने तयारी गरेको छ । ५४ वटा विद्यालय रहेको पालिकामा ५२ वटा सामुदायिक विद्यालय रहेका छन् भने २ वटा संस्थागत विद्यालय रहेका छन् ।

राक्सिराङमा ६ वटा माध्यमिक तहका विद्यालय रहेकोमा २ वटा विद्यालयमा १२ कक्षासम्म अध्यापन हुने गरेको छ ।

# चित्लाङमा विश्वस्तरको अनुसन्धानमूलक शिक्षा

◆ विकास संवाददाता

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले नेपालमै पहिलोपटक विश्वस्तरको अनुसन्धानमूलक शिक्षा दिने गरी स्नातकोत्तर र विद्यावारिधि तहमा भर्ना खोलेको छ ।

पहिलो शैक्षिकसत्रमा दुवै तहमा गरी जम्मा ३२ मेधावी विद्यार्थीलाई छनोट गरी भर्ना लिने तयारी गरेको उक्त स्वायत्त विश्वविद्यालयले ती तहमा निःशुल्क शिक्षा र छात्रवृत्तिको प्रबन्ध पनि गरेको छ । विश्वविद्यालयले स्नातकोत्तर र विद्यावारिधिमा फरेष्ट बायोमेटेरियल्स साइन्स एण्ड इन्जिनियरिङ, अर्ग्यानिक एग्रिकल्चर, स्नातकोत्तरमा टुरिजम इन्फ्रास्ट्रक्चर विषयमा ती तहमा भर्नाका लागि शुक्रबार सूचना प्रकाशन गर्ने विश्वविद्यालयका अध्यक्ष प्रा डा राजेन्द्रध्व जोशीले जानकारी दिए ।

विश्वविद्यालयको हालसम्मको प्रगति र शैक्षिक कार्यक्रमको थालनीबारे जानकारी दिँदै अध्यक्ष डा जोशीले समृद्ध र न्यायिक नेपालमा योगदान दिन प्याटेन्ट राइट्स सिर्जना र उत्पादन बढाउन सहयोग पुग्ने गरी विश्वस्तरका प्राध्यापक र विद्यार्थीलाई पनि आकर्षित गरिरहेको बताए ।

मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङस्थित सात सय ४० रोपनी जग्गा पहिचान गरी २०७६ वैशाख १० गते विश्वविद्यालय निर्माणका लागि पूर्वाधार विकास समिति गठन भएको थियो । विश्वविद्यालयले हाल सुविधासम्पन्न प्रयोगशालासहित चारवटा बहुद्देश्यीय भवन निर्माण गरिसकेको छ ।



# • सम्पादकीय •

## फोहोर व्यवस्थापनमा अग्रसरता आवश्यक

पछिल्लो समय मुलुकमा सहरीकरण बढ्दो छ । बढ्दो सहरीकरणले समस्याहरु निम्त्याएका छन् । र, तीमध्ये सबैभन्दा चुनौतीपूर्ण समस्या चाहिँ फोहर व्यवस्थापन बनेको छ । सहरी क्षेत्रबाट निस्कने फोहरले जल र जमिन प्रदूषित भएको छ भने नागरिकहरुको स्वास्थ्यमा नकारात्मक असर पारेको छ । मकवानपुरकै १० वटै पालिकाहरुलाई हेर्ने हो भने हेटौंडा उपमहानगरले आफ्नै ढंगबाट फोहोर व्यवस्थापनको काम गर्दै आएको छ । त्यसपछिको थाहा नगरपालिकाले सेग्रिगेशन गरेर फोहोर व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ । थाहानगरले ल्याण्डफिल साइड एकिन गर्न अझै सकेको छैन भने अरु ८ वटा पालिकाले फोहोर व्यवस्थापनको एजेण्डालाई प्राथमिकीकरणमै राखेका छैनन् । मुलुककै सफा नगरको रुपमा परिचय बनाएको हेटौंडालाई समेत चुनौति बन्दै गएको फोहोर व्यवस्थापनको एजेण्डा थाहा नगरपालिकासहित अरु ८ वटा पालिकाले प्राथमिकतामा राख्न नसक्नु दुखद् हो भने सहरीकरणको सूचकबाट बञ्चित हुनु पनि हो ।

थाहा नगरपालिकाले आफ्नो नगर क्षेत्रको ल्याण्डफिल साइड छनोट गरी त्यसतर्फ काम अघि बढाउन ढिलो भैसकेको छ भने अरु ८ वटा गाउँपालिकाले फोहोर व्यवस्थापनको दर्स्घकालिन योजना बनाउन अग्रसर हुन ढिला भैसकेको छ । पालिकाहरुले वार्षिक नीतिमा ल्याउने, भाषण गर्ने तर कार्यान्वयनमा कमजोर हुनु आम नागरिकको हित विपरित छ । नेपालमै फोहर व्यवस्थापनमा सफल मानिएका धरानदेखि वालिङका मोडलबाट अरु पालिकाहरुले पनि सिक्नु आवश्यक छ । वर्षमा लाखौं बजेट फोहोर व्यवस्थापनको सिकाइमा खर्च गर्ने ठूला पालिकाहरु समेत चुकेको यस कार्यमा शुरुबाटै योजनावद्ध रुपमा काम गर्न सकिएन भने स्थानीय तहका नेतृत्वहरु फोहोर व्यवस्थापनको चुनौतिका माझ असफल कहलिनेछन् । प्रतिनीधि र स्थानीयबासीका लागि साँधैभरी फोहोर विसर्जनको मुद्दा टाउको दुखाइ बन्छ । मकवानपुरका पालिकाहरुमा छिटफुट रुपमा देखा परेको फोहोर व्यवस्थापनको मुद्दाले ठूलो रुप नलिँदै व्यवस्थापनमा अग्रसर हुन आवश्यक छ । देशमै वालिङ नगरपालिकाले फोहर व्यवस्थापनमा नमूना प्रस्तुत गरेको छ । वालिङले फोहर व्यवस्थापनमा नागरिकहरुलाई परिचालित मात्रै गरेको छैन, फोहरको बर्गीकरण गर्दै त्यसलाई आय आर्जनको माध्यम बनाएको छ । नागरिकले कुहिने, नकुहिने तथा दिसाजन्य फोहोरहरु वर्गीकरण गरेर नगरपालिकालाई सघाएका छन् । वालिङले दिसाजन्य फोहरबाट बायो ग्यास र कम्पोष्ट मल उत्पादन गरेको छ । वालिङले जे गरेको छ, त्यसबाट अन्य सहरहरुले सिक्नुपर्छ । वालिङको जस्तै वा त्योभन्दा अत्याधुनिक प्लान्ट निर्माण गरिने र नागरिकको स्वास्थ्यलाई असर नहुने प्रतिवद्धता जनाउनुपर्छ ।

फोहर अभिषाप हैन, आम्दानीको स्रोत पनि हो भन्ने बुझाउनुपर्छ । अर्कोतर्फ, आफ्नो सहर सफा राख्ने दायित्वबाट नागरिक विमुख हुन मिल्दैन । यसका लागि नगरपालिका तथा गाउँपालिकाहरुमा गठन भएका टोल विकास संस्था, बजार व्यवस्थापन समितीहरु पनि जागरुक हुनु पर्दछ । उनीहरु पालिकाको तल्लो तहका संस्थागत अंग हुन् । ति समितिहरुले फोहोर व्यवस्थापनको विषयमा सचेतना फैलाउने र आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने उपायहरु सिकाउन सके पालिकाहरुलाई फोहोरको बोझ कम हुन्छ भने नागरिकहरु प्रदुषित वातावरणमा बस्नु पर्दैन, वतावरण स्वच्छ र सफा पनि हुन्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कृषिमा 'आधुनिकीकरण र वैज्ञानिकीकरण कसरी गर्ने ?



◆ सुजित शाह

नेपाल भूपरिवेष्टित राष्ट्र हो । यहाँको जमिनको बनावट तराई, पहाड, हिमाल गरी तीन भागमा वर्गीकृत छ । पहाडी भागदेखि दक्षिणतर्फ भारतको सीमासम्म पूर्व–पश्चिम फैलिएको नेपालको त्यो समतल भूभागलाई तराई प्रदेश भनिन्छ । समुद्री सतहबाट ५९ देखि ६०० मिटरको उचाइसम्म फैलिएको यस क्षेत्रले नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग ओगटेको छ । यसको चौडाइ धेरैमा ६० किमि र थोरैमा ४० किमि छ ।

नेपाल कृषि प्रधान देश र अन्नको भण्डार हुनुको मुख्य कारण तराईको त्यो समतल भूभाग नै हो । तराईमा लगभग ९५ प्रतिशत मानिस कृषि पेसामा आबद्ध छन् । उत्पादन र जनसत्त्या बसोबासका हिसाबले तराई क्षेत्रलाई नेपालको मुटु पनि भनिन्छ । समयको लामो कालखण्ड बित्दा पनि तराईको जमिन सुन्दर, उर्वर, आकर्षक र लोभलाग्दो भएकै कारण आज नेपालको लगभग तीन करोड जनता गर्व गर्दै छन् । तराईको समतल भूभाग सानो हिस्सामा भए पनि यहाँ अत्यधिक मात्रामा अन्न उत्पादन हुँदै आएको छ । तर २१ औँ शताब्दीमा आइपुग्दा पनि हामी अझै पुरानै तरिकाबाट कृषि क्षेत्रमा काम गर्दै आएका छौँ । यही प्रविधिमा रहिरह्यौँ भने अझ पछाडि पर्ने निश्चित छ । आज हाम्रो छिमेकी देश चीनमा झन्डै ९.७५ कृषि योग्य जमिन भए पनि उसले विश्वको लगभग २२५ जनसत्त्यालाई पुग्ने गरी खाद्य र अरू कृषिजन्य वस्तु उत्पादन गरेको छ ।

त्यसैगरी रसियाको जम्मा भूभागमध्य ७.७ प्रतिशत मात्र कृषियोग्य जमिन छ । तर त्यहाँको सम्पूर्ण जनसत्त्यालाई पुगेर पनि निर्यात गर्छ । अझै झन् १५ प्रतिशत कृषियोग्य जमिन भएको मेक्सिकोले आफ्नो देशको कुल जनसत्त्याको दोब्बर कृषिजन्य वस्तु उत्पादन गर्दछन् । त्यतै ११.९ प्रतिशत कृषियोग्य जमिन भएको जापान आज देश विदेशमा आफ्नो कृषिजन्य वस्तु तीव्र गतिमा उत्पादन गरेर निर्यात र भरिपूर्ण तरिकाले आफ्नो जनतालाई पुऱ्याएको छ । यस्तै विश्वमा अझै कति सानो कृषियोग्य जमिन भएका देशहरू छन् ।

कृषि क्षेत्रमा भएको आधुनिकीकरण र वैज्ञानिकीकरणका कारण मात्र यी देशमा अधिक उत्पादन सम्भव भएको हो । विश्वमा भएको विज्ञानको चमत्कारले अतिकम विकसित देशले पनि कृषि क्षेत्रमा फड्को मारिसकेका छन् । तर विडम्बना तराईको त्यो समतल जमिनमा वैज्ञानिकीकरणको अभावले नेपाल अझै पछाडि परेको छ । हाम्रो देशमा १४.७५ प्रतिशत कृषियोग्य जमिनमध्ये लगभग १३ प्रतिशत कृषियोग्य जमिन तराई भूभागमा पर्छ ।

थोरै कृषियोग्य भूमि भएका देशले आधुनिक स्रोतसाधन, परीक्षण, टेक्निककै कारण धेरै उत्पादन गरेका हुन् । तर धेरै कृषियोग्य जमिन भएका कतिपय देश अविकसित र थोरै उत्पादनमा सीमित छन् । नेपाल, बङ्लादेश, श्रीलंका आदि देशमा भ्रष्टाचार, राजनीति अस्थिरता, आधुनिकीकरण कमीले कृषि उत्पादनमा वृद्धि गर्न नसकेका हुन् ।

तराईका किसान परम्परागत कृषि औजार कुटो, कोदालो, कोदाली, चन्देल, दाँदे, खन्ती, डोको, हलो जुवा, फार, टब्ब, बैल्गद, हँसिया, खुर्पो, बन्चरो, सत्फरा आदिको प्रयोग गरी कृषि उत्पादन गर्दै आएका छन् । त्यसबाट आफ्नो जीवन यापनका लागि मात्र उत्पादन हुन्छ । तीव्र रूपमा बढ्दो जनसत्त्यालाई मध्य नजर गर्दा ती परम्परागत औजार विस्थापित गरी आधुनिक कृषि मेसिनले सजिलोसँग नै धेरै उत्पादन गर्न सकिन्छ । तर विडम्बना सरकारका पक्षबाट न कुनै ठोस कदम चालेको छैन । तराईको त्यो समतल भूभागमा किसान बिहानदेखि बेलुकासम्म चर्को घाममा एक छाक खाएर पसिना बगाउँदै छन् । उनीहरूले सिँचाइ, मलजलको व्यवस्था गर्न सकिरहेका छैनन् । कृषिप्रति घट्दो रूचि, सीपयुक्त जनशक्तिको अभाव, जलवायु परिवर्तन, उन्नत जातको बिउको अभाव, माटोको परीक्षणको कमी, रासायनिक मलको उच्च प्रयोग, बजार र किसानबीच ठुलो खाडल, आधुनिक मेसिन र औजारको कमीले जमिन बाँझो राखेर भारतबाट चामल, गहुँ, दाल, तेल, चिनी, मकै खरिद गरिरहेका छन् ।

विकसित मुलुकहरू प्लास्टिक, बोरा आदि प्रयोग गरेर घरको छानोमा आफूलाई पुग्ने र केही बिक्रीसमेत गर्ने गरी उत्पादन गरिरहेका छन् । यो सबै आधुनिकीकरण र वैज्ञानिकीकरणको कारणले मात्र सम्भव भएको हो । नेपालमा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न कुनै निकायले पनि चासो देखाएका छैनन् ।

हरेक वर्ष बजेट भाषणमा कृषिका बजेट छुट्टयाइन्छ तर तराईको भागमा केही प्रतिशत मात्र पर्छ । त्यो बजेट निकासा हुन झन्डै एक वर्ष नै लाग्छ । सो बजेटबाट कृषि क्षेत्रमा आवश्यक पर्ने सरसामान किन्न किसान वञ्चित हुन्छन् । किसानको हातसम्म पुग्दा धेरै ठाउँमा भ्रष्टाचार भई नगण्य मात्रामा रहन्छ । बैंकको ऋण, साहुको गाली र मानसिक तनावले किसान आत्महत्या गर्न बाध्य समेत हुन्छन् । आफ्नो खेत बाँझो राखी र साहुको ऋण तिर्न किसान विदेशतिर पलायन भएका छन् । राजा महेन्द्रले २०२३ सालमा वीरगञ्जमा कृषि औजार कारखाना स्थापना गरे । यो कम्पनीले २०३० सम्म आइपुग्दा ३०० जना कामदारलाई रोजगारी दिएको थियो । यो कम्पनीले त्यो समयमा पनि आधुनिक कृषि औजार उत्पादन गरेर देशभित्र र भारत, बाङ्लादेशलगायत अन्य देशमा निर्यातसमेत गर्थ्यो ।

विसं २०४७ मा बहुदल आएपछि सरकारी उद्योगलाई निजीकरण गर्न थालियो । विसं. २०५२ मा वीरगञ्जको कृषि औजार कारखाना पनि बन्द भयो । यस्तै कृषि चुन कारखाना, गरूडा चिनी कारखाना आदि तराईमा मात्र नभई नेपालकै धेरै कृषि उद्योगहरू अहिले बन्द अवस्थामा छन् । अझै सम्बन्धित निकायले समयमा ध्यान दिएनन् भने भएका कम्पनी पनि चाँडै बन्द हुने छन् ।

विसं २०७९ देखि डा. महावीर पुनले बन्द भएको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छन् । तर त्यसका लागि सरकारले सहयोग नगरेको पुनः स्वयंले बताएका छन् ।

**कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरण कसरी गर्ने ?**

विकसित मुलुकहरु प्लास्टिक, बोरा आदि प्रयोग गरेर घरको छानोमा आफूलाई पुग्ने र केही बिक्रीसमेत गर्ने गरी उत्पादन गरिरहेका छन् । यो सबै आधुनिकीकरण र वैज्ञानिकीकरणको कारणले मात्र सम्भव भएको हो । नेपालमा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न कुनै निकायले पनि चासो देखाएका छैनन् ।

**१. भूप्राविधिक प्रयोगशाला निर्माण**

माटो परीक्षणका लागि भूप्राविधिक प्रयोगशाला चाहिन्छ । माटोलाई कति मात्रामा कुन तत्त्व चाहिन्छ र कुन तत्त्व चाहिँदैन भन्ने कुरा भूप्राविधिक प्रयोगशालाद्वारा सजिलै परीक्षण गर्न सकिन्छ । यो प्रयोगशालाद्वारा माटोको उर्वर शक्ति बढाउनमा धेरै मद्दत पुऱ्याउँछ । यो प्रयोगशाला तराईको हरेक नगरपालिका र गाउँपालिकामा माग वा कृषियोग्य जमिनको आधारमा राज्य बाट निःशुल्क स्थापना गर्नुपर्छ । यसो गर्दा किसानले अनियमित रसायन (खाद्य) प्रयोग गर्दैनन् र चाहेको जति कृषिजन्य वस्तु उत्पादन गरेर देशलाई पुग्ने र साथसाथै विदेशमा निर्यात गर्न सक्छन् ।

**२. दक्ष जनशक्ति**

किसानलाई आवश्यक परेको तालिम समय समयमा दिनका लागि दक्ष जनशक्ति चाहिन्छ । किसानलाई कुन बेला कुन बालीनाली लगाउने, कति मात्रामा कुन र सायन प्रयोग गर्ने, रोग लागेमा के गर्ने भन्ने कुराको विचार हुँदैन । त्यसैले कृषि सम्बन्धित दक्ष जनशक्तिहरू कृषि इन्जिनियर, कृषिमा स्नातक जनशक्ति, जेटीए जस्ता जनशक्ति आवश्यकता पर्छ । यस्ता जनशक्तिले विशेषज्ञता अनुसार किसानलाई तालिम दिन मद्दत गर्दछ । यसले कुन मौसममा कुन जातिको बालीनाली लगाउने, कति मात्रामा बीउ छर्ने, कति मात्रामा पानी राख्ने, कुनै रोग लागे भने के गर्ने आदि सबै कुराको ज्ञान र सीप दक्ष जनशक्तिसँग हुन्छ ।

त्यसैले तीन तहको सरकारको समन्वयमा यस्ता दक्ष जनशक्ति तराईको हरेक नगरपालिका गाउँपालिकामा र वडामा व्यवस्था गर्नुपर्छ । यसले किसानलाई निःशुल्क तालिम उपलब्ध हुन्छ । साथै दक्ष जनशक्तिको लागि रोजगारी सिर्जना पनि हुन्छ ।


*बाँकी पृष्ठ ३ मा*

# रिसाएका बालबालिका फकाउने तरिका

बालबालिकाहरू प्रायः रिसाइरहेका हुन्छन्, जुन सामान्य पनि हो। उनीहरूले रिसमार्फत नै आफूभित्रको भावना व्यक्त गर्ने गर्छन् । जुन कुरा उनीहरूले खुलेर भन्न सकेका हुँदैनन्, त्यसलाई रिसमार्फत प्रकट गर्छन् ।

सामान्यतया आफूलाई केही सामान चाहिएमा, दुःख वा पीडा भएमा, मन लागेको चीज खान नपाएमा बालबालिका रिसाउँछन् । रिस उठ्दा उनीहरू रूने, कराउने, हातपात गर्ने, अग्लो ठाउँबाट हामफाल्ने जस्ता क्रियाकलाप गर्न पुग्छन् । जसलाई मेडिकल भाषामा यसलाई ट्यान्ट्रोम पनि भनिन्छ। तर यो सामान्य नै हो ।

बालबालिकाले यसरी नै आफ्नो कुरा राख्न र व्यवहार गर्न सिकेका हुन्छन्। तर उमेर बढ्दै जाँदा पनि यस्तै व्यवहार जस्तै झनक्क रिसाउने, चित्त नबुझे जसलाई पिटिहाल्ने छ भने यसलाई अस्वस्थ व्यवहार भनिन्छ । यी लक्षण सामान्य नभई मानसिक रोगको कारणले पनि हुन सक्छ ।



### बालबालिका रिसाउँदा कसरी फकाउने ?

बालबालिकाहरू प्रायः रिसाइरहेका हुन्छन्, जुन सामान्य पनि हो। उनीहरूले रिसमार्फत नै आफूभित्रको भावना व्यक्त गर्ने गर्छन्। जुन कुरा उनीहरूले खुलेर भन्न सकेका हुँदैनन्, त्यसलाई रिसमार्फत प्रकट गर्छन् ।

सामान्यतया आफूलाई केही सामान चाहिएमा, दुःख वा पीडा भएमा, मन लागेको चीज खान नपाएमा बालबालिका रिसाउँछन् । रिस उठ्दा उनीहरू रूने, कराउने, हातपात गर्ने, अग्लो ठाउँबाट हामफाल्ने जस्ता क्रियाकलाप गर्न पुग्छन् । जसलाई मेडिकल भाषामा यसलाई ट्यान्ट्रोम पनि भनिन्छ। तर यो सामान्य नै हो ।

बालबालिकाले यसरी नै आफ्नो कुरा राख्न र व्यवहार गर्न सिकेका हुन्छन् । तर उमेर बढ्दै जाँदा पनि यस्तै व्यवहार जस्तै झनक्क रिसाउने, चित्त नबुझे जसलाई पिटिहाल्ने छ भने यसलाई अस्वस्थ व्यवहार भनिन्छ । यी लक्षण सामान्य नभई मानसिक रोगको कारणले पनि हुन सक्छ ।

### उमेर बढ्दै जाँदा पनि किन रिसाइरहन्छन् बालबालिका ?

बालबालिका धेरै कारणले रिसाउने गर्छन् । त्यसमा मानसिक स्वास्थ्य पनि एक कारण हो। एटेन्सन डेफिसिट हाइपर एक्टिभिटी डिसअर्डर (एडीएचडी) कारणले पनि बालबालिका रिसाउने गर्छन्। यसका लक्षणहरूमा ध्यानकेन्द्रित गर्न नसक्ने, आवगेमा आउने, छिट्टै निर्णय लिने, कुरा दोहोऱ्याइरहने हुन्छ ।

सेपेरेसन एन्जाइटीका कारण पनि बालबालिका रिसाउँछन्। जस्तै, स्कुलबाट घर फर्किने बेलामा रिसाउने, झर्किने, चिट्चिट हुने यसको लक्षण हो। आफ्ना आमाबुबासँग बिहान छुटेका उनीहरू स्कुल छुट्टी भएपछि भेट्न पाउने भएकाले उत्साहित हुन्छन्। त्यो उत्साह व्यक्त गर्न नजानेर उनीहरू रिसाउने, झर्किने गर्छन् ।

पारिवारिक कलह, झैझगडा, आफ्नो इच्छा पूरा नहुँदा र स्कुलमा भएको बुलिङका कारण पनि उनीहरू आफ्नो भावना प्रष्टसँग बुझाउन नसक्दा रिसाउँछन् ।

### बालबालिकालाई फकाउने तरिका के त ?

प्रायः बालबालिकामा स-साना कुरामा पनि रिसाउने, मन दुखाउने बानी हुन्छ । यस्तो बेलामा उनीहरूलाई गाली गर्ने, कुट्ने र हपार्ने गर्नुहुँदैन । यसले उनीहरूमा मानसिक रूपमा नराम्रो असर पार्न सक्छ । बरू धेरै रिसाउँछन् भने उनीहरूको भावना बुझ्ने प्रयास गर्नुपर्छ ।

प्यारेन्ट म्यानेजमेन्ट टेक्निक (पीएमटी) लागू गरेर बालबालिकालाई फकाउन सकिन्छ ।

सुरूमा उनीहरूलाई भावना प्रस्तुत गर्ने तरिका सिकाउने गर्नुपर्छ । रिस उठ्दा के कुरामा रिस उठेको हो लेखेर भन, रिस उठ्दा रातो कार्ड देखाउने, दुवै हात बाँधेर बस्ने नियम तयार पार्न सकिन्छ ।

कुनै चीज मन पर्दैन भने रिस नदेखाइकन, लामो श्वास फेर्ने, आँखा चिम्म गर्ने, गीत गाउने गराउन सकिन्छ । जसले उनीहरूको रिस कम हुन मद्दत गर्छ ।

उनीहरूलाई फकाउने भाषामा परिवर्तन ल्याउन सकिन्छ। जस्तै, रिसाएको छ भने किन रिसाएको, होमवर्क गऱ्यो कि गरेन ?, स्कुल जाने बेला भएन ? यसरी सोध्दा उनीहरू झन् रिसाउन सक्छन्। यसको साटो फरक किसिमको भाषाशैली प्रयोग गर्ने जस्तै बालबालिकालाई 'आज म रिसाउँछु तिमी मलाई फकाउन ल' भन्न सकिन्छ। यसले रिसाउँदा यसरी फकाउने रहेछ भनेर सिक्छ । रिस पनि कम हुन्छ ।

त्यस्तै घरभित्र वा घरबाहिर खेल्न, घुमाउन लैजान सकिन्छ। जस्तै, बालुवामा खेल्न लगाउने, फुटबल खेल्ने, दौडाउने इत्यादि गराउन सकिन्छ । जसले उनीहरूको रिसाउने इनर्जी 'रिलिज' गर्न मद्दत गर्छ ।

# एसिडिटीको समस्या हुनेले के के बार्ने ?



यदि तपाईंलाई एसिडिटीको समस्या छ भने तपाईंले आफ्नो खानपानमा धेरै ख्याल गर्नुपर्छ । हेल्थलाइनको समाचारअनुसार एसिडिटीको समस्या भएका व्यक्तिले गल्तीले पनि बढी बोसोयुक्त खाना वा भुटेको खानेकुरा खानु हुँदैन । फ्रेन्च फ्राई, डिप फ्राइड प्याज रिङ्स, आलुका चिप्स, बटर, दूध, चिज, आइसक्रिम, क्रिम, हाई फ्याट क्रिमयुक्त सलाद, क्रिम सस, हाई फ्याट कट र रातो मासु आदि खानु हुँदैन।

त्यस्तै मसलादार खानेकुरा पनि खानु हुँदैन। धेरै अध्ययनहरू भएका छन् जसमा मसालेदार खानाको सेवनले एसिडिटीको समस्या बढ्ने चेतावनी दिइएको छ । बजारमा पाइने पश्चिमी खाद्यवस्तुलाई मसलेदार बनाउन क्याप्साइसिन थपिन्छ। यो एक रासायनिक यौगिक हो जसले अन्न नलीलाई ठुलो नोक्सान पुऱ्याउँछ ।

केही फलफूल र तरकारी पनि एसिडिटीका लागि हानिकारक मानिन्छ। फलफूल र तरकारी स्वास्थ्यका लागि फाइदाजनक भएतापनि एसिडिटी वा मुटुको समस्या भएका व्यक्तिले निश्चित प्रकारका फलफूल र तरकारी खाँदा समस्या हुनसक्छ। त्यसमध्ये अनानास, सुन्तला, अङ्गुर, कागती, टमाटर, लसुन, प्याज आदिका कारण एसिड रिफ्लक्सको समस्या बढ्छ ।

यसैगरी यदि तपाईंले मदिरा, कफी, चिया, कार्बोनेटेड पेय पदार्थ जस्तै सोडा, कोल्ड ड्रिंक्स, सिट्रस फ्रुट जुस, टमाटर को जुस आदिको सेवन गर्नुहुन्छ भने एसिडिटी झन् बढ्न सक्छ ।

# कृषिमा आधुनिकीकरण... .. . .

### ३. उन्नत जातका बीउ र सिँचाइको व्यवस्था

उन्नत जातको बीउ छनोट नगरेसम्म कृषिमा जति आधुनिकीकरण गरे सोचेजति उत्पादन हुन सक्दैन । त्यसैले बीउ छनोट गर्दा वैज्ञानिक विधि अवलम्बन गर्नुपर्छ। त्यसैले उन्नत जातको बीउ हरेक पालिका वा वडाहरूबाट सहुलियत मूल्यमा किसानलाई उपलब्ध गराउनु पर्छ । प्राविधिक यन्त्रले उन्नत जातका बीउबिजन गर्दा बीउहरू नष्ट र रोग लाग्नेबाट जोगिन्छ र उत्पादन प्रशस्त मात्रामा हुन्छ ।

कृषि क्षेत्रमा सिँचाइले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसैले सिँचाइको व्यवस्था गराउन सरोकारवालाले खोलानाला, नहर र ठुला बोरिङको निर्माण गर्नुपर्छ। तर जहाँ यो सबैको पहुँच नहुने ठाउँमा सानो सानो बोरिङ र कलधाराको व्यवस्था गर्नुपर्छ। नदीबाट सिँचाइ गर्नका लागि नालाहरूको निर्माण गर्नु पर्छ । सिँचाइको व्यवस्थापनले उत्पादनमा धेरै मद्दत पुग्छ ।

### ४. आधुनिक मेसिनको व्यवस्था

विज्ञानको युगमा आधुनिक मेसिनको प्रयोग गर्नु सामान्य मानिन्छ । त्यसैले कृषि क्षेत्रमा प्रयोग हुने, बीउबिजन गर्ने मेसिन, धान, गहुँ, काट्ने मेसिन, पानी निकाल्ने बोरिङ, पानी हाल्ने मेसिन, हाइडोलिक मेसिन, बालीनाली ओसारपसार गर्ने ट्यक्टर, हलो जोत्ने मेसिन, प्रयोगशालामा प्रयोग हुने अन्य मेसिन, आधुनिक उपकरणहरू (जस्तै स्प्रोजेक्ट, कम्प्युटर आदि) र थप अन्य मेसिनहरू सरकारले उपलब्ध गराउनु पर्छ। यी सबै मेसिनहरू हरेक पालिका वा वडाहरूमा व्यवस्था हुनुपर्छ । यी आधुनिक मेसिनहरूको प्रयोगले कृषि क्षेत्रमा क्रान्ति ल्याउनका साथसाथै किसानको काम छिटो र सहज हुन्छ ।

### ५. बजार व्यवस्थापन


किसानले उत्पादन गरेको कृषिजन्य वस्तु उपभोक्तासम्म पुऱ्याउन बजारको ठुलो योगदान हुन्छ । त्यसैले बजार व्यवस्थापन गर्न एकदम जरूरी हुन्छ । स्थानीय सरकारले किसानको कृषिजन्य वस्तुको किनबेच गर्न मूल्यको निर्धारण र सीधै बजारसम्म पुऱ्याउन यातायातको व्यवस्था गरिदिनु पर्छ । यसबाट बिचौलियाको पनि डर हट्छ र सीधै किसान र उपभोक्ताबिच किनबेच हुनुको साथै राम्रो सम्बन्ध पनि स्थापित हुन्छ ।

स्थानीय सरकारले आफ्नो नगरपालिका, गाउँपालिका र वडाहरूमा सानो सानो हाटबजारको पनि निर्माण गर्दिनुपर्छ । त्यसैले बजार व्यवस्थापन एकदम महत्त्वपूर्ण हुन्छ ।

### ६. अन्य व्यवस्था

बजेटको व्यवस्थापन, कानुन निर्माण, युवालाई कृषि गर्न उत्प्रेरित गर्ने नीति ल्याउनुपर्छ। त्यस्तै समयमा खाद्य पदार्थको व्यवस्थापन, स्वादेशी कलकार खानाको व्यवस्था, कालोबजारी नियन्त्रण सरकारको प्रमुख दायित्व हो । विभिन्न कृषि सङ्गठनहरू एकताबद्ध भएको व्यवस्था, कृषिसँग सम्बन्धित सबै निकाय सक्रियताले कृषि क्षेत्रमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्न सजिलो हुन्छ ।

अतः यसरी निरन्तर अध्ययन, तालिम र सहयोगबाट तराईको कृषि क्षेत्रमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्न सम्भव हुन्छ। सरकार, विश्वविद्यालयहरू, सङ्गठनहरू र अन्य प्राथमिकताहरूमा सहयोग गर्ने पछि कृषि क्षेत्रमा आधुनिकीकरणमा प्रगति गर्न सकिन्छ ।






# दामन रेडक्रसको 'आयोजनामा 'शुभकामना कार्यक्रम



◆ विकास संवाददाता

नेपाल रेडक्रस उपशाखा दामनको आयोजनामा शुभकामना आर्दान प्रदान कार्यक्रम भएको छ । विकास घर शिखरकोटमा १७ कात्तिकमा एक कार्यक्रमको आयोजना गरी विजयादशमी, दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान गरिएको हो ।

थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दामन रेडक्रसका संस्थापक सभापति ज्योति रायमाझीको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र रायमाझी, ४ नम्बर वडाध्यक्ष नारायण लामा, दामन रेडक्रसका पूर्व सभापतिहरू अरूण रायमाझी, कृष्ण बहादुर विष्ट, बिमलकुमार विष्ट, मधुसुदन रायमाझी, राप्रपा थाहानगर एमाले थाहानगरका युवा नेता सुमन रायमाझी, माओवादी थाहानगरमा राजीव कुमार स्याङ्तान, उपाध्यक्ष राधेश्याम रायमाझी, पालुङ जेसिज वर्ष २०२३ का अध्यक्ष संगम कार्की, सिताराम ज्येष्ठ नागरिक दिवासेवा केन्द्रका अध्यक्ष ईश्वर कार्कीलगायत स्थानीय संघसंस्थाका पदाअधिकारीहरूको आतिथ्यता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी दामनका सभापति मनश्याम बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रमका सहभागि तथा अतिथीहरूलाई उपसभापति गिता कार्कीले स्वागत गरिन् । कार्यक्रममा राजनीतिक दल, संघसंस्था, स्थानीय सवाजसेवी, रेडक्रसका आजिवन सदस्यहरू लगायतको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रम रेडक्रस दामनका सचिव राजाराम रायमाझीले सञ्चालन गरेका थिए ।

# मत्स्यनारायणका विद्यार्थीलाई सिकाई क्रियाकलाप: 'बजार अनुगमन'

◆ विकास संवाददाता



मकवानपुरको थाहा नगरपालिका वडा नम्बर २ को मत्स्यनारायण माध्यमिक विद्यालयले आफ्ना विद्यार्थीहरूलाई सिकाई क्रियाकलापमा बजार अनुगमन गराएको छ ।

विद्यालयले कक्षा १० का विद्यार्थीहरूलाइ्र प्रयोगात्मक सिकाई क्रियाकलाप अन्तर्गत विद्यालय नजिकैको बजारको अनुगमन गराएको प्रधानाध्यापक विष्णुहरि ढकालले बताए ।

कक्षा १० को सामाजिक विषयको एकाई ५ को पाठ ८ को उपभोक्ता अधिकार अन्तर्गतको सिकाई क्रियाकलापमा बजारमा किनेको सामान तोकिए बमोजिमको गुणस्तर भए नभएको पहिचान गर्न प्रत्यक्ष विद्यार्थीको सहभागितामा बजारमा नै गई खाद्यवस्तुको नाम, उत्पादन मिति, उत्पादित वस्तुको म्याद, वस्तुको मिश्रणको अवस्था, मुल्य, तौललगायतको अवलोकन गराई प्रयोगात्मक अभ्यास गराइएको शिक्षक श्याम तामाङले जानकारी दिए ।

बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउन प्रचलित कानुनको कार्यान्वयमा जोड दिदै उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमन र उपभोक्ता हित संरक्षणलाई विशेष प्राथमिकतामा लिइ विद्यार्थीहरूलाई शैक्षिक क्रियाकलापमा सहभागी गराइएको प्रधानाध्यापक ढकालले सुनाए ।

# १५ शैय्या अस्पताल शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका वडा नम्वर-५ मा १५ शैय्याको अस्पताल शिलान्यास गरिएको छ । १५ कात्तिकमा एक कार्यक्रमका बीच बागमती प्रदेशका प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी (छिन्तु) ले अस्पतालको शिलान्यास गरेका हुन् ।

अस्पतालको शिलान्यास गर्दै सांसद पुलामीले निर्माण कम्पनीलाई समयमै निर्माण सम्पन्न गर्न आग्रह गरे । उनले मकवानपुरको पुर्वी क्षेत्रमा रहेको बागमती गाउँपालिकामा अस्पताल निर्माण भइसकेपछि बिरामीहरू टाँढा टाढाँ सेवा लिन जानुपर्ने समस्या हट्ने समेत बताए । हरेक पालिकामा कम्तिमा एउटा १५ शैयाको अस्पताल निर्माण गर्ने संघीय सरकारको नीति अनुसार बागमती गाउँपालिकामा अस्पतालको शिलान्यास गरिएको हो । एक बिघा क्षेत्रफलमा १७ करोडको लागतमा अस्पताल निर्माण हुन लागेको हो ।

शिलान्यास कार्यक्रममा गाउँपालिका अध्यक्ष सर्केश घलान , बागमती गाउँपालिका-२ का वडा अध्यक्ष जनक पहरी , वडा नम्वर-४ अध्यक्ष दन्तलाल माझी, वडा नंम्वर-५ का अध्यक्ष बिजय



भ्लोन, वडा-७ का अध्यक्ष उत्तर भ्लोन , गाउँपालिकाका कार्यकारी प्रमुख झम्क नारायण घलानलगायतको आतिथ्यता रहेको थियो ।

एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यो गाउँपालिका कै पहिलो सरकारी अस्पताल हुने र अस्पताल सञ्चालनमा आएपछि मेडिकल सुपरिडेन्डेन्ट, मेडिकल अफिसर, जनस्वास्थ्य निरीक्षक सहित सरकारी दरबन्दी हुने गाउँपालिका अध्यक्ष सर्केश घलानलले बताए ।

# कात्तिक २५ बाट विनयबाबु बस्नेत स्मृति रनिङ शिल्ड भलिबल प्रतियोगिता

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा विनयबाबु बस्नेत स्मृति जिल्ला स्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिता हुने भएको छ । थाहा नगरपालिका वडा नम्वर २ मा हुने प्रतियोगिता २५ कात्तिकबाट तीनदिन सम्म सञ्चालन हुने विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिए ।

'प्रतियोगितामा सहभागिता जनाउनका निम्ति कार्तिक २३ गतेसम्म टीम दर्ता गरिसक्नु पर्नेछ । दर्ता शुल्क प्रतिष्ठानले तीन हजार रूपैयाँ तोकेको छ ।' अध्यक्ष कार्कीले भने-'प्रतियोगितामा प्रथम हुनेलाई नगद ५५ हजार ५ सय ५५ रूपैयाँ, द्वितीयलाई २८ हजार ८ सय ८८ रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र रहेको छ ।' प्रतियोगितामा उत्कृष्ट पाँच विधा अन्तर्गत उत्कृष्ट खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट स्पाइकर र उत्कृष्ट ब्लकरलाई नगदसहित मेडल प्रदान गरिने छ ।

प्रतियोगिताको हरेक खेलमा म्यान अफ द म्याच प्रदान गरिने छ । प्रतियोगितामा करिव १५ वटा टीमले सहभागिता जनाउने छन् । विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानले आयोजना गरेको यो प्रतियोगिता छैठौँ हो । प्रतियोगिताको पाँचौं संस्करणको उपाधी मकवानपुरगढी गाउँपालिकाले जितेको थियो ।

सशस्त्र प्रहरीमा सेवारत् विनयबाबु बस्नेतको दुर्घटनामा परी निधन भएपछि उनको नाममा वि.सं. २०७४ सालबाट यो प्रतियोगिता शुरू गरिएको विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिए ।

# पछिल्लो तीन वर्षको शुल्क तिरेर व्यवसाय दर्ता गर्न पाइने

◆ विकास संवाददाता

करको दायरा बाहिर रहेर व्यवसाय गरिरहेका हेटौंडा उपमहानगरपालिका क्षेत्रका व्यवसायीका लागि व्यवसाय दर्ता शिविर सञ्चालन गरिएको छ । हेटौंडाको मुख्य बजार क्षेत्रभन्दा बाहिर वडाहरूमा रहेर बिनादर्ता व्यवसाय गरिरहेका व्यवसायीहरूका लागि सोमबारदेखि वडाहरूमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिएको हो ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाबाट सुरू भएको शिबिर सबै वडामा सञ्चालन हुनेछ । उपमहानगरको राजश्व परामर्श समितिले अनुगमका क्रममा वडाहरूमा दर्ता बिना नै व्यवसाय सञ्चालन गरी राजश्वको दायरा बाहिर रहेको पाइएपछि व्यवासय दर्ता शिविर सञ्चालन थालिएको सदस्यसमेत रहेका उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । उनका अनुसार आन्तरिक राजश्व र घरेलु कार्यालयमा दर्ता भएर व्यवसाय सञ्चालन गरेपनि उपमहानगरमा सूचीकृत नभएका व्यवसायीलाई दर्ताको लागि पछिल्लो तीन वर्षको शुल्क तिरेपछि व्यवसाय दर्ताको सुबिधा उपमहानगरले दिएको छ ।

अब व्यवसाय दर्ताको समय जति भएपनि पछिल्लो तीन वर्षको शुल्क तिरेर उपमहानगरमा व्यवसाय दर्ता गर्न पाउने सुबिधा उपमहानगरले दिएको उनले बताए । व्यवसाय दर्ता शिविरको हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी छन् । शिविरले पालिकाको राजश्व संकलन वृद्धि हुने अपेक्षा लिइएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# 'जनहीत विपरित कुनै काम गर्दिन'- सामाजिक विकास मन्त्री मोक्तान

◆ विकास संवाददाता

नेकपा (माओवादी केन्द्र)की केन्द्रिय सदस्य तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले आफुले जनहित विपरित कहिल्यै कुनै काम नगर्ने बताएकी छिन् । उनले जनभावना अनुसार संस्थागत रूपमा योजना बनाई विकासका योजनामा सँधै सहयोग हुने बताइन् । थाहा नगरपालिकाको वडा नम्बर ५ मा १९ कात्तिकमा भएको माओवादीको वडा भेलामा मोक्तानले लामो संघर्षका कारण व्यवस्था परिवर्तन भएको र अब अवस्था परिवर्तनको लागि टोलटोलबाट लाग्न आग्रह गरिन् । मकवानपुर ईञ्चार्ज समेत रहेकी मोक्तानले यस क्षेत्रको विकासको लागि आफु तत्पर रहेको प्रतिवद्धता जनाइन् ।

विकासको लागि गुरूयोजना बनाएर अगाडि बढ्नुपर्ने र त्यसको लागि स्थानीय पार्टी नेतृत्वले पहल गर्नुपर्ने बताउदै समग्र थाहाको समृद्धिको लागि आफुले सक्दो पहल र गर्ने उल्लेख गरिन् । माओवादी



वडा नम्बर ५ का अध्यक्ष जगन्नाथ वाइवाको सभाध्यक्षतामा सम्पन्न भेलामा माओवादी केन्द्रका उपत्यका बिशेष कमिटीका उपाध्यक्ष तथा ३ महिने अभियान थाहाका कमान्डर प्रकाश चन्द्र पाण्डे प्रलोकुको बिशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा माओवादी केन्द्र बागमती प्रदेश सदस्य इन्द्र बहादुर श्रेष्ठ, थाहानगर अध्यक्ष बिनोद कुमार लामा, अभियानका ५ नम्बर वडा कमान्डर अरूण रायमाझी, सहकामान्डर दिपक सिंह लामा, वाइसीएल थाहाका अध्यक्ष मानसिंह दोङ लगायतका माओवादी नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

वडा भेलाले निमेष महर्जनको अध्यक्षतामा २९ सदस्यीय वडा कमिटी समेत चयन गरेको छ । जनतासंग माओवादी बिशेष रूपान्तरण अभियान अन्तर्गत भएको भेलाले उपाध्यक्षमा अजय गुरूङ, बिरमान थिङ र रहर बहादुर घलान, सचिव श्रीकृष्ण लामा, सहसचिव विक्रम थिङ र कोषाध्यक्षमा रघुनाथ वाइबालगायतका अन्य सदस्यहरू रहेका छन् ।

# जेसीजको राष्ट्रिय उपाध्यक्षमा पालुङका कार्कीको उम्मेद्वारी

◆ विकास संवाददाता

नेपाल जेसीज बर्ष २०२४ को राष्ट्रिय उपाध्यक्ष पदमा पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले उम्मेद्वारी दिएका छन् । राष्ट्रिय उपाध्यक्ष पदका उम्मेद्वार कार्की पालुङ जेसीजमा २०१२ र २०१३ मा साधारण सदस्य, २०१४ मा खेलकुद संयोजक, २०१५ मा स्वयंसेवक संयोजक, २०१६ मा सदयता विस्तार संयोजक, २०१७ मा बर्ष कार्यक्रम संयोजक, २०१८ मा सुरेन्द्रमान ओराटरी कन्टेस्ट संयोजक, २०१९ मा उपाध्यक्ष, २०२० कोषाध्यक्ष, २०२१ मा महासचिव, २०२२ कानुनी सल्लाहकार, २०२३ मा शाखा अध्यक्षहुँदै २०२४ का लागि राष्ट्रिय उपाध्यक्ष पदको लागि उम्मेदवारी दिएका हुन् ।

२० बर्ष पछि पालुङ जेसीजलाई राष्ट्रिय पदाधिकारी प्राप्त गराउनको लागि आफ्नो उम्मेद्वारी रहेको राष्ट्रिय उपाध्यक्ष पदका उम्मेद्वार कार्कीले जानकारी दिए । कार्कीले संस्थाको गरिमालाई उच्च




बनाउँदै आफ्नो क्षमताले भ्याएसम्म क्रियाशिल रहने बताए ।नेपाल जेसीजका निर्वाचन आयुक्त लालमणी भण्डारीका अनुसार निर्वाचन कार्यक्रम अन्तरगतको उम्मेद्वारी तालिम, अन्तरवार्ता, ककश पश्चात मंसिर २९ देखि पौष २ गतेसम्म बुटवलमा हुने ५० औं राष्ट्रिय महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

नेपाल जेसीज बर्ष २०२४को लागि १ अध्यक्ष पदका लागि ५ जनाको उम्मेद्वारी परेकोछ । कार्यकारिणी उपाध्यक्ष ४ जनाको लागि १३ जनाको र १२ जना उपाध्यक्ष पदका लागि २२ जनाको उम्मेद्वारी परेकोछ ।

# थाहानगरमा बजार अनुगमन, उपभोक्ता पनि सचेत हुन आग्रह

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले विभिन्न स्थानका बजार अनुगमन भएको छ । पालिकाले दशै अघिदेखि नै अनुगमनलाई तिब्रता दिएको हो । बजार मा म्याद गुज्रिएका सामानहरू बिक्री बितरण हुन सक्ने अवस्थालाई मध्येनजर गरे उपभोक्ताहीतका लागि अनुगमनलाई तिब्रता दिएको हो । नगरपालिकाले १६ र १७ कात्तिकमा नगरपालिकाको शिखरकोट क्षेत्रका पसलहरू अनुगमन गरेको छ ।

अनुगमनका क्रममा म्याद गुज्रिएको सामान जफत गरिएको र त्यस्तो सामान बिक्री नगर्न सचेत गराइएको अनुगमन समितीका सदस्य उमेश श्रेष्ठले बताए । उनका अनुसार खाद्य सामाग्रीमा म्याद हेर्ने सचेतता उपभोक्तामा बढेको भएपनि सौन्दर्य सम्बन्धी सामानमा म्याद गुज्रिएको पाइएको जानकारी दिए । थाहा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बजार अनुगमनमा आम उपभोक्ताको अपेक्षा अनुसार नभए पनि विगतको तुलनामा सुधार भएको दाबी गरे । प्रशासकीय अधिकृत गिरीले स्वयम्



उपभोक्ता सचेत हुनुपर्ने बताए । उनले बजार अनुगमनले मात्रै आम उपभोक्ताले चाहे जस्तो सुधार गर्न नसकिने उल्लेख गर्दै सामान किन्दा उपभोक्ताले मूल्य, उपभोग्य मिति हेर्ने लगायतको कार्य गर्नुपर्ने प्रतिक्रिया दिए ।

नगरपालिकाले म्याद गुज्रेका, सडेगलेका, अखाद्य वस्तु बिक्री गर्दै आएका तथा बिना इजाजत व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीमाथि कडाइ सुरू गरेको जनाएको छ । थाहानगरका विभिन्न स्थानका बजारमा छड्के अनुगमनलाई तीव्र पारिने नगरपालिकाले जनाएको छ । नगरपालिकाले अहिले पनि बजार अनुगमनलाई खुद्रा पसलमा केन्द्रित गरेको छ । उपभोक्ता ठग्ने ठूला व्यवसायलाई कडाइकासाथ अनुगमन गर्नुपर्ने तथा स-साना व्यवसायमा मात्र अनुगमन केन्द्रित नगर्न स्थानीय व्यापारीको भनाइ रहेको छ ।

# महोत्सवमा थाहा आइडल प्रतियोगिता आयोजना हुने




◆ विकास संवाददाता

आगामी १४ मंसिरबाट हुने चौंथो थाहा महोत्सवमा थाहा आइडल प्रतियोगिता आयोजना हुने भएको छ । यसअन्तर्गत एकल नृत्य प्रतियोगिता सञ्चालन गरिने आयोजक थाहानगर उद्योग वाणिज्य संघका महासचिव जर्म श्रेष्ठले जानकारी दिए ।

प्रतियोगितामा सहभागी हुन इच्छुक व्यक्तिहरूले महोत्सवको सचिवालयमा पुगेर फाराम भर्नुपर्ने आयोजकले जानकारी दिएको छ । सचिवालय शिखरकोटस्थित थाहानगर उद्योग वाणिज्य संघको भवनमा रहेको छ । आइडलको उपाधि जित्नेले रू. ३० हजार नगद पुरस्कार प्राप्त गर्नेछ । यसैगरी द्वितीय र तृतीय पुरस्कार क्रमशः रू. २० हजार र १० हजार रहेको छ ।

आइडलको विस्तृत जानकारीका लागि कार्यक्रम संयोजक यादवजंग रायमाझीसँग सम्पर्क गर्न सकिने आयोजकले जानकारी दिएको छ ।

# इन्द्रसरोवरमा ४० जनाले रक्तदान गरे

इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ मा रक्तदान कार्यक्रम भएको छ । १८ कात्तिकमा भएको रक्तदान कार्यक्रममा १४ महिला र २६ पुरूषसहित ४० जनाले रक्तदान गरेका थिए ।

नेपाल रेडक्रस सेसाइटी मकवानपुर शाखाको प्राविधिक रसहयोगमा भएको कार्यक्रममा नेपाल रेडक्रस सेसाइटी इन्द्रसरोवर उपशाखाले सहकार्य गरेको थियो भने आयोजना मितेरी बचत तथा ऋण सहकारी संस्थाको १७ औं वार्षिक उत्सवको अवसरमा संस्थाले गरेको हो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## दुई जनाले लिए गैरआवासीय नेपाली नागरिकता

◆ विकास संवाददाता

मकवानपुर जिल्लाबाट पहिलो पटक दुई जनाले गैरआवासीय नेपाली नागरिकता लिएका छन् । १५ कात्तिकमा प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाइले हेटौंडा-११ की सन्जिता बिडारी र हेटौंडा-५ का श्रीकृष्ण थापालाई गैरआवासीय नेपाली नागरिकता प्रदान गरेका हुन् ।

१५ वर्षदेखि अस्ट्रेलियामा बसोबास गर्दै आएका थापा र बिडारी श्रीमान् श्रीमती हुन् । थापा दम्पतीले मकवानपुर जिल्लाबाट पहिलो पटक गैरआवासीय नेपाली नागरिकता पाएका हुन् । नागरिकता प्राप्त गरेपछि उनीहरूले देश र जनताको नाममा शपथ लिएका थिए । गैरआवासीय नेपाली नागरिकता पाएपछि उनीहरूले खुसी व्यक्त गरेका छन् ।

'दुःख, सुखको क्षणबाट गुज्रिएपछि विदेशको नागरिकता लिए पनि अहिले फेरि नेपालको नागरिकता लिन पाउँदा हामीलाई एकदमै खुशी लागेको छ । यसले हामीलाई विदेशमा रहेर पनि नेपालको जुन माया छ त्यसलाई अझ प्रगाढ बनाएर जान्छ भन्ने विश्वास लिएको छु,'- नागरिकता लिएपछि श्रीकृष्ण थापाले भने, 'साथै देशलाई पनि यसले आर्थिक रूपमा धेरै नै फाइदा गर्नेछ । किन भने हामीहरू आएर लगानी गर्ने वातावरण खुलेको छ । हामीसँग यहाँ भएको सम्पत्ति बेचेर जानु पर्ने अवस्था पनि हुनेछैन । यसलाई राम्रो कदमको रूपमा लिएका छौं ।'

## राक्सिराङले एमबीबीएस पढ्न अनुदान दिने

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले चिकित्सा शिक्षाअन्तर्गत मेडिकल डाक्टर अध्ययन गर्ने विद्यार्थीलाई अनुदान सहयोग प्रदान गर्ने भएको छ । गाउँपालिकाले चिकित्सा शिक्षातर्फ स्नातक तह (एमबीबीएस) अध्ययन गर्ने विद्यार्थीहरूलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय अनुसार सार्वजनिक सूचना जारी गरेको हो ।

गाउँपालिकाले जारी गरेको सूचना अनुसार एमबीबीएस अध्ययन सहयोग अनुदान लिन चाहने विद्यार्थीलाई आवेदन पेस गर्न आग्रह गरेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा नै उक्त कार्यक्रम समावेश गरेको र गाउँसभाबाट एमबीबीएस अध्ययन सहयोग अनुदान कार्यक्रम स्वीकृत गरिएकाले उक्त कार्यक्रम कार्यान्वयनका लागि सूचना जारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गतौलाले जानकारी दिए । गाउँपालिका स्थायी बसोबास गरी हाल मान्यता प्राप्त शिक्षण अनुदान प्राप्त गर्नका लागि सूचना जारी भएको मितिले १५ दिन (मंसिर ४ गते) भित्र आवेदन पेस गर्न भनिएको छ ।

अनुदानका लागि तोकिएको ढाँचा अनुसारको आवेदन पत्रसहित आवश्यक शैक्षिक प्रमाण पत्रहरूको प्रतिलिपि, नेपाली




नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस पत्र, अन्य कुनै ठाउँबाट कुनै किसिमको छात्रवृत्ति तथा करारमा अध्ययनरत् हो वा होइन स्पष्ट खुल्ने गरी सम्बन्धित अध्ययनरत् शिक्षण संस्थाको सिफारिस पत्र र विवाहित विद्यार्थीको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपिको पेस गर्न सूचनामार्फत गाउँपालिकाले भनेको छ ।


## हेलो सरकार किन ?

### हेलो सरकार: नागरिक सरोकार

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,
- त्यसैले हेलो सरकारमा गुनासो गरौं ।

सार्वजनिक निकायमा भएका कमी कमजोरी, सेवा प्राप्तिमा वञ्चिती, अवरोधर अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पुरा गरौं ।

कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निःशुल्क टेलिफोन नम्बर ११११ मा खबर गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## हेटौंडा उपमहानगरपालिकाको अत्यन्त जरुरी सूचना ।

**नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।**

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी